फोन: ०४८-५४०११२

मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

सूचना नं.: कृषि-४/२०८०/८१

## रासायनिक मल कारोबारको लागि सूचिकृत हुने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति २०८०/०८/१५

नेपाल सरकारद्वारा अनुदानमा उपलब्ध हुने रासायनिक मलहरु नगरबासी कृषकहरुलाई बिक्री वितरण गर्ने संस्थाहरु छनौट गरी **"अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७"** बमोजिम कार्यक्षेत्र निर्धारण गर्नु पर्ने भएकोले यस कार्यालयबाट रासायनिक मल कारोबारको इजाजत प्राप्त सहकारी/कम्पनी/फर्महरुलाई यो सूचना प्रकाशन भएको मितिले ३० दिन (मिति २०८०/०९/१४ गते) भित्र कार्यालय समयमा तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यस कार्यालयमा आवेदन दिनु हुन सूचित गरिन्छ। म्याद समाप्त भए पश्चात् प्राप्त भएका र रीत पुरा नभएका आवेदन उपर कुनै पनि किसिमको काम कारवाही नहुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

**आवश्यक कागजातहरुः**

१. सूचिकृत हुने सम्बन्धी निवेदन।
२. संस्था दर्ता/नवीकरण, स्थायी लेखा नं. को प्रतिलिपि।
३. कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशसन लिमिटेडको मल बिक्रेता इजाजत (डिलरसीप) दर्ता/नवीकरणको प्रतिलिपि।
४. आ.व. २०७९/८० को कर चुक्ता बिवरण।
५. संस्थागत निर्णयको प्रतिलिपि।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
७. विगतमा कारोबार गरेका संस्थाको हकमा पछिल्लो एक वर्षको मल कारोबार विवरण सहितको प्रतिवेदन।
८. नापतौल गर्ने मेशिन, गोदामघर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण फोटो सहित।

८।१५

..................................

गोविन्द कुमार कटेल

शाखा अधिकृत

पुनश्चः बिक्रेता नियुक्ति गर्दा निर्देशिकाको दफा (१५) उपदफा (८) बमोजिम हुनेछ।